नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय अनुसन्धान विभाग**
वरफवाग, सिंहदरबार

# स्टेशनरी एवं कार्यालय सम्बन्धी अन्य मालसामानहरूको बोलपत्र आह्वान सम्बन्धी सूचना :

**गोरखापत्रमा प्रकाशित मिति २०७८।०४।३० गते**

यस विभागका लागि चालु आ.व. २०७८।०७९ मा आवश्यक पर्ने स्टेशनरी एवं कार्यालय सम्बन्धी अन्य मालसामानहरू बोलपत्रको माध्यमद्वारा विभागको आवश्यकता बमोजिम पटक पटक गरी खरिद गर्नुपर्ने भएकोले उक्त मालसामानहरू आपूर्ति गर्न इच्छुक रजिस्टर्ड फर्म वा कम्पनीहरूबाट निम्न सर्तहरूको अधिनमा रही रीत पूर्वकको बोलपत्र आह्वान गरिन्छ।

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत विक्रेता तथा फर्महरूले फर्म दर्ता प्रमाण-पत्र, आयकर दर्ता प्रमाण-पत्र, मू.अ.कर दर्ता प्रमाण-पत्र र आ.व.०७६।७७ को कर चुक्ता प्रमाण पत्रहरूको प्रतिलिपि र कारबाहीमा नपरेको स्वयम् घोषणापत्र संलग्न गरी रू.१०।- को टिकट टाँसी निवेदन पेस गरेमा प्रतिथान फारामको रू.३०००।-(तीन हजार रूपैयाँ मात्र) तिरी यस विभागबाट खरिद गर्न सकिने छ।

२. बोलपत्र दाताले बोलपत्र फाराम दाखिला गर्दा को.ले.नि.का काठमाडौं भुक्तानी केन्द्र-४, सिंहदरबार, एभरेष्ट बैंक लि.को धरौटी खाता नं.००१००१०५२०१२६८ मा जम्मा गरेको रू.१,१९,०००।-(एकलाख उन्नाइस हजार मात्र)को सक्कल प्रति बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस विभागको नाममा जारी गरेको १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिडबन्ड) संलग्न गरी पेस गर्नुपर्नेछ।

३. रीत नपुगी, म्याद नाघी वा कुनै सर्त राखी पेस हुन आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।

४. बोलपत्र फाराममा उल्लेख गरिएका दरभाउ, अङ्क र अक्षर दुवैमा भरी स्पष्ट रूपमा खुलाई पेस गर्नुपर्नेछ। अक्षर र अङ्कमा उल्लेखित दर फरक परेमा अक्षरमा उल्लेखित दर भाउलाई मान्यता दिइने छ।

५. बोलपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, फर्मको ठेगाना, सम्पर्क नं. र विषय स्पस्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेभित्र यस विभागको दर्ता शाखामा बुझाउनुपर्नेछ र यसरी बुझाइएको बोलपत्रहरू सोही दिन १४:०० बजे यस विभागको सभा हलमा बोलपत्र मूल्याङ्कन समितिका पदाधिकारीहरू र बोलपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि उक्त बोलपत्रहरू तोकिएको समय र स्थानमा खोलिने छ। कारणबस बोलपत्र पेश गर्ने वा खोल्ने दिन विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिन र समयमा उक्त कार्यहरू गरिनेछ।

६. कुनैपनि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दाताले बोलपत्र फाराममा उल्लेख भए बमोजिमको ब्राण्ड र कम्पनीका (ओरिजिनल) सामानहरू र ब्राण्ड कम्पनी उल्लेख नभएको हकमा उच्च गुणस्तरको सामानहरू दिनुपर्नेछ। बोलपत्र फाराममा उल्लेख भएका परिमाण र मूल्यका सामानहरू विभागको आवश्यकता अनुसार थपघट भएमा पनि बोलपत्रदाताले स्वीकार गर्नुपर्नेछ।

८. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

९. बोलपत्र सम्बन्धी अन्य कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र विभागको फोन नं. ०१-४२११५५९ मा सम्पर्क राखे बुझ्न सकिने छ।

१०. अन्य कुराहरूको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ।